9th July, 2025

National News

<u>प्रमुख समाचार</u>

- भारत-नामीबियाबीच उद्यमिता विकास केन्द्रको स्थापनासित सम्बन्धित समझौता ज्ञापनमा हस्ताक्षर
- गुजरातका मुख्यमन्त्रीले दिनुभयो वडोदरामा भत्किएको पुलबारे जाँचको आदेश
- भारतीय वायु सेनाको जगुआर प्रशिक्षक विमान चूरू जिल्ला नजिक दुर्घटनाग्रस्त
- विपक्षी महागठबंधनले डाकेको बन्दको मिस्रित असर अनि
- संयुक्त व्यापार संघले डाकेको राष्ट्रव्यापी हड़तालबाट सामान्य जनजीवन अस्त-व्यस्त

- <u>PM Namibia Visit</u>

भारत र नामीबियाद्वारा प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा आज नामीबियामा उद्यमिता विकास केन्द्रको स्थापनासित सम्बन्धित समझौता ज्ञापनमा हस्ताक्षर गरियो। दुवै देशले स्वास्थ्य र चिकित्साको क्षेत्रमा सहयोगमाथि पनि समझौता ज्ञापनमा हस्ताक्षर गरेको छ। यस अवसरमा CDRI र वैश्विक जैव ईन्धन गठबन्धनमा नामीबिया शामेल हुनका लागि स्वीकृति पत्र पनि प्रस्तुत गरियो।
नामीबियाको राजधानी विन्डहोकस्थित स्टेट हाउसमा प्रधानमन्त्री श्री मोदी र नामीबियाका राष्ट्रपति नेटुम्बो नन्दी नदैतवाहबीच प्रतिनिधिमण्डल स्तरीय वार्तापछि यी समझौता ज्ञापनमा हस्ताक्षर गरिएको हो।
प्रधानमन्त्री श्री मोदीले सोसल मिडिया पोस्टमा नामिबियाका राष्ट्रपतिसँगको वार्ताको क्रममा भारत-नामिबिया सम्बन्धको पूर्ण समीक्षा गरेको बताउनुभएको छ। उहाँले भन्नुभएको छ, बातचितका क्रममा डिजिटल प्रविधि, रक्षा, सुरक्षा, कृषि, स्वास्थ्य सेवा, शिक्षा र महत्त्वपूर्ण खनिज जस्ता क्षेत्रहरूमा सहयोग प्रमुखताका साथ उठाइयो।
प्रधानमन्त्रीले विन्डहोकस्थित राष्ट्रिय स्मारक हीरोज एकरेमा नामीबिया राष्ट्रका संस्थापक स्याम नुजोमा-लाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।
द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्न योगदान पुऱ्याएकोमा श्री मोदीलाई नामिबियाको सर्वोच्च नागरिक पुरस्कारले सम्मानित पनि गरियो।
प्रधानमन्त्रीले नामीबियाको संसदलाई सम्बोधन पनि गर्नुहुनेछ, जुन दुवै देशबीच विद्यमान सम्बन्धमा महत्त्वपूर्ण क्षण हुनेछ। दक्षिण अफ्रीकी देश नामीबियामा श्री मोदीको यो पहिलो यात्रा हो।

--------------------------------------X--------------------------------------

- <u>Gujarat Bridge Collapse</u>

गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले वडोदरामा पुल भत्किएको दुःखद घटनाको जाँचको आदेश दिनुभएको छ। यस घटनामा नौजनाको मृत्यु भयो अनि धेरै अन्य घाइते भए। मुख्यमन्त्रीको अध्यक्षतामा आज गान्धीनगरमा भएको मन्त्रिमण्डलको बैठकमा यस मुद्दामाथि चर्चा भयो। श्री पटेलले पुल भत्किएको सम्बन्धमा अधिकारीहरूबाट प्रारम्भिक प्रतिवेदन माग्नुभएको छ। मुख्यमन्त्रीले सड़क तथा भवन निर्माण विभागका अधिकारीहरूसित पनि बैठक गर्नुभयो। बैठकमा राज्यका अन्य दयनीय अवस्थामा रहेका पुलहरूको विवरण मागियो।

वडोदरा जिल्लामा, पादरा नजिक गम्भीर पुलको एक भाग आज बिहान भत्किएको थियो। यस दुःखद घटनामा पाँचवटा वाहन महिसागर नदीमा खस्दा नौजनाको मृत्यु भयो। वडोदरा जिल्ला प्रशासनसहित स्थानीय अधिकारीहरूले तत्काल व्यापक रूपमा बचाउ कार्य शुरू गरे।

----------------------------------------X----------------------------------------

- <u>Indian Airforce- Plane Crash</u>

अर्कातिर, भारतीय वायु सेनाको जगुआर प्रशिक्षक विमान आज राजस्थानको चूरू जिल्ला नजिक दुर्घटनाग्रस्त भयो। यो घटना राजलदेसर थाना क्षेत्रमा भएको हो। चूरूका पुलिस अधीक्षक जय यादवले आकाशवाणीलाई बताएअनुसार घटनास्थलबाट दुईवटा जलेका शव निकालियो। उहाँले बताउनुभयो कि कुनै पनि नागरिक हताहत भएको सूचना छैन।
विमान दुर्घटनाग्रस्त भएको कारणको पत्तो लगाउन जाँच दल गठन गरिएको छ। नियमित प्रशिक्षण मिशन अवधि यो विमान दुर्घटनाग्रस्त भएको हो।

----------------------------------------X----------------------------------------

- <u>Bihar- Bandh</u>

राष्ट्रिय जनता दल र कंग्रेस नेतृत्वाधिन विपक्षी महागठबंधनद्वारा आज डाकेको बिहार बन्दको मिस्रित असर रह्यो। बन्द अवधि प्रदर्शनकारीहरूले राज्यका विभिन्न भागमा राष्ट्रिय राजमार्ग र राजमार्गमा वाहनहरूको आवाजाही र यातायात बाधित गरे। मधुबनी, दरभंगा, जहानाबाद, अरवल रेलवे स्टेशनमा पनि रेलगाडीहरूको सञ्चालन बाधित गर्ने प्रयास गरियो। राज्यमा मतदाता सूचीमा चलिरहेको विशेष गहन पुनरीक्षणको विरोधमा महागठबन्धनले बन्द र चक्का जामको आह्वान गरेको थियो। लोकसभामा विपक्षका नेता राहुल गान्धी, राष्ट्रिय जनता दल नेता तेजस्वी प्रसाद यादव, भारतीय कम्युनिस्ट पार्टी महासचिव D राजा र भारतीय कम्युनिस्ट पार्टी महासचिव दीपांकर भट्टाचार्यले पटनामा बन्द समर्थकहरूको नेतृत्व गरे।
भारतीय जनता पार्टीले आरोप लगाएको छ कि महागठबन्धनले संवैधानिक संस्थाहरूलाई कमजोर गर्ने कोशिश गरिरहेछ। प्रदेशका पूर्व भाजपा अध्यक्ष तथा लोकसभामा पार्टीका मुख्य सचेतक डाक्टर सञ्जय जायसवालले विशेष गहन पुनरीक्षणलाई राष्ट्रिय जनता दलद्वारा सर्वोच्च न्यायालयमा चुनौती दिइएकोमा महागठबन्धनको बन्दपछीको मनसायमाथि प्रश्न गरेको छ।

----------------------------------------X----------------------------------------

- <u>Puddecherry Strike</u>

संयुक्त व्यापार संघहरूको तर्फबाट आयोजित राष्ट्रव्यापी हड़तालबाट आज पुडुचेरीमा सामान्य जनजीवन अस्त-व्यस्त रह्यो। अटो, टेम्पो र बसहरूसहित निजी परिवहन सेवा स्थगित रहे, जबकि सरकारी बसहरू पुलिस सुरक्षामा चले। केन्द्रशासित प्रदेशभरि दोकान, व्यावसायिक प्रतिष्ठान, सब्जी र माछा बजार बन्द रहे अनि धेरै निजी विद्यालयहरूले विदा घोषित गरे। हड़तालअवधि कानून-व्यवस्था बनाइ राख्न एक हजार पाँच सयभन्दा अधिक पुलिसकर्मीहरू तैनात गरिएको थियो।

----------------------------------------X----------------------------------------

- <u>Pradhan-IIT Workshop</u>

केन्द्रिय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले भन्नुभयो, देशमा शैक्षणिक ज्ञानलाई सामाजिक कल्याणसित जोड़ेर समाजको आकांक्षा र ऊर्जा आवश्यकताहरू पूरा गर्ने स्मार्ट रणनीति बनाउन आवश्यक छ। श्री प्रधानले आज नयाँ दिल्लीको भारतीय प्रौद्योगिकी संस्थानमा, भविष्यका लागि तयार ऊर्जा शिक्षा: अवसर र चुनौतीहरू, विषयमा आयोजित राष्ट्रिय कार्यशालालाई सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो, भारत वर्ष 2070-सम्ममा शून्य कार्बन उत्सर्जन भएको ऊर्जा प्राप्त गर्ने दिशामा अग्रसर छ। शिक्षा मन्त्रीले भन्नुभयो, भारत विश्वको तेस्रो सबैभन्दा ठूलो ऊर्जा उपभोक्ता हो, जहाँ प्रतिव्यक्ति ऊर्जा खपत केवल एक-तिहाई छ। उहाँले भन्नुभयो, यो सम्मेलन ऊर्जा शिक्षाका लागि एउटा भविष्यको मार्ग प्रशस्त गर्ने अत्यन्त आवश्यक पहल हो।

---------------------------------------X---------------------------------------

- <u>Nadda Telangana</u>

केन्द्रिय रसायन तथा उर्वरक मन्त्री जगत प्रकाश नड्डाले तेलेङ्गाना सरकारलाई किसानहरूको वास्तविक माँग पूरा गर्न हरसम्भव सहायताको आश्वासन दिँदै अधिकारीहरूलाई आवश्यकतानुसार यूरियाको आपूर्ति सुनिश्चित गर्नु भन्नुभयो। हिजो तेलेङ्गानाका मुख्यमन्त्री A रेवन्त रेड्डीले नयाँ दिल्लीमा श्री नड्डासित भेट गर्दै राज्यमा उर्वरकको उपलब्धतामाथि कुराकानी गर्नुभयो। मुख्यमन्त्रीले खरीफको मौसमलाई ध्यानमा राख्दै जुलाई र अगस्त महिनामा यूरियाको निर्बाध आपूर्तिको अनुरोध गर्नुभएको थियो। बैठकअवधि श्री नड्डाले राज्यमा यूरियाको अत्यधिक खपतमाथि पनि चिन्ता व्यक्त गर्नुभयो, जुन माटोको दीर्घकालिक स्वास्थ्यका लागि हानिकारक हो।

---------------------------------------X---------------------------------------

- <u>Delhi CM Public Hearing</u>

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले नागरिकहरूको समस्याको सुनुवाईका लागि आज सिविल लाइन्स-स्थित मुख्यमन्त्री जनसेवा सदनको उदघाटन गर्नुभयो। यस अवधि उहाँले जनसुनुवाई आयोजित गरेर मानिसहरूको समस्या सुन्दै तय समयमा प्रभावी कदम उठाउन अधिकारीहरूलाई निर्देश दिनुभयो। जनसुनुवाई शिविरमा जल बोर्ड, शिक्षा, पुलिस, स्वास्थ्य, दिल्ली नगर निगम जस्ता लगभग एक दर्जन विभागका अधिकारीहरू उपस्थित रहे।

यस अवसरमा मुख्यमन्त्रीले भन्नुभयो, जन-सुनुवाई, सरकार-शासन र जनताबीच संवादको सेतु हो। उहाँले भन्नुभयो, मानिसहरूसित भेट गरेपछि उनीहरूमा सरकारले आफूहरूको समस्या सुनेर समाधान पनि गर्दैछ भन्ने कुराको विश्वास रहेको थाहा लागेको छ।

---------------------------------------X---------------------------------------

- **Europe Hot Summer**

पश्चिमी यूरोपमा यस वर्ष जूनको महिना अहिलेसम्मको सबैभन्दा गर्मी रह्यो। यो औसत तापमान बीस दशमलौ चार-नौ डिग्री सेल्सियससम्म पुग्यो। सत्रदेखि बाहीस जून र महिनाको अन्तमा चरममा पुगेको गर्मीले स्पेन, फ्रान्स र ब्रिटेनसहित धेरै देशहरूमा कष्ट पैदा गऱ्यो। तीस जूनमा दैनिक औसत तापमान चौबीस दशमलौ नौ डिग्री सेल्सियस दर्ता गरियो। तापमान 1991-देखि 2020-बीच औसतभन्दा दुई दशमलौ आठ-एक डिग्री सेल्सियस अधिक रह्यो। लामो समयसम्म चलेको गर्मीले सूख्खा, प्रदूषण र जंगलको आगो अझ बढ़ायो। कपरनिकस जलवायु परिवर्तन सेवाले जलवायु परिवर्तनका साथ यस्ता घटनाहरू अझ घातक हुने चेतावनी दिएको छ।

--------------------------------------X--------------------------------------

- **Pakistan-Human Rights**

मानवाधिकार संगठनहरूले इस्लामाबाद टोल प्लाजादेखि पाकिस्तानी सुरक्षा बलद्वारा बलूच विद्यार्थी सईद उबैदुल्लाहलाई जबरजस्ती अपहरणको निन्दा गरेको छ। बलूचिस्तानको पञ्जगुर निवासी कायदे-आजम विश्वविद्यालयका विद्यार्थी उबैदुल्लाह, जबरजस्ती गायब गरिएका धेरै पीड़ितहरूमध्ये एक हुन्। मानवाधिकार संगठनहरूले यसलाई मानवाधिकारको गम्भीर उल्लंघन बताएको छ। शान्तिपूर्ण विरोध प्रदर्शनपछि पनि धेरै मानिसहरू जेलमा बन्द छन्, जबकि अन्यलाई हिरासतमा लिइएको छ। पाकिस्तान मानवाधिकार आयोगले उनको रिहाईको माग गरेको छ। आयोगले अधिकारीहरूसित शान्तिपूर्ण सभाको संवैधानिक अधिकारको सम्मान गर्ने र बलूचिस्तानमा दमन समाप्त गर्ने आग्रह गरेको छ।

--------------------------------------X--------------------------------------